प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं. ५
बुटवल, नेपाल

फोन न.०७१-४४५५५८

प.सं.- २०७५/०७६
च. न.

मिति : २०७६।५।८

**विषय : प्राविधिक तथा बहुप्राविधिक विद्यालयहरुलाइ प्रस्तावना पेश गर्ने सम्बन्धी सुचना ।**

प्रस्तुत विषयमा यस आ व २०७६।०७७ को वार्षिक कार्यक्रम अनुसार प्रदेश नं न ५ अन्तर्गत नयाँ तथा सञ्चालनमा रहेका प्राविधिक तथा बहुप्राविधिक विद्यालयहरुलाई उक्त विद्यालयलें पेश गरेको प्रस्तावना पत्रका आधारमा अनुदान उपलब्ब गराउने कार्यक्रम रहेकोले प्राविधिक धार सञ्चालन गरिरहेका र सञ्चालन गर्ने नयाँ अनुमति प्राप्त गरेका विद्यालयहरुले कार्यक्रमको विस्तृत विवरण र कार्यान्वयन योजना निर्माण गरि व्यवस्थापन समितिको निर्णय सहित तपसिलको ढाँचामा रहि मिति २०७६।६।६ गते भित्र यस निर्देशनालयमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सवैलाई जनकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।( प्रस्तावनाको साथमा गत आ व को सामाजिक परीक्षण र लेखा परीक्षणको प्रतिवेदन अनिवार्य पेश गर्नुपर्नेछ ) सुचनाको म्यदपछि प्राप्त हुने प्रस्तावना उपर कुनै कार्वाही नहुने व्यहोरा समेत सम्वन्धित सवैलाई अनुरोध छ ।

प्रस्तावनाको ढाँचा (आवश्यक्तानुसार हेरफेर गर्न सकिने )

**१ विद्यालयको संक्षिप्त चिनारी**

**२ विद्यालयको भौतिक अवस्था** ( (क) क्षेत्रफल भवन कक्षाकोठा र फर्निचर समेत (जग्गाको हकमा विद्यालयको नाममा रहेको जग्गाधनि प्रमाणपत्रको प्रतिलिपि नै पेश गर्नुपर्नेछ )। (ख) खेल मैदान (ग) कम्पाउण्ड वाल (घ) खानेपानिको अवस्था (ङ) शौचालयको अवस्था छात्रा छात्र (च )प्रयोगशालाको अवस्था (छ) अन्य

**३ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा विद्यालयमा गठान गरिएका अन्य समितिहरु सम्वन्धी विवरण**

**४ विद्यार्थी संख्या : कक्षागत (छात्रा छात्र सहित)**

**५ शिक्षक विवरण :**

तहगत ,स्वीकृत दरवन्दि ,राहत अनुदान, निजी श्रोतका सवै शिक्षकको विवरण शैक्षिक योग्यता सहित

**६ प्राविधिक विद्यालयतर्फको विवरण**

(६ . क) कक्षा सञ्चालन गर्ने अनुमति सम्वन्धि विवरण हरेक कक्षाको कक्षा सञ्चालन गर्ने अनुमति पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ ।

कक्षा सञ्चालन गर्ने अनुमति प्रदान गर्ने निकाय (क) शिक्षा विभाग ( ख) स्थानिय तह (ग )प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद

सञ्चालित कक्षा ..................... (६ : ख) प्राविधिक धारको किसिम (६ . ग ) प्राविधिक धारको शिक्षक विवरण योग्यता र अनुभव सहित ........

.(६.घ ) विद्यार्थी विवरण प्राविधिक धारको मात्र ........................(छ . ङ) हालसम्मको नतिजा विश्लेषण ............

(छ .च) प्रयोगशालाको अवस्था – साविकको शिक्षा विभागवाट र अन्य संस्थावाट प्रयोगशाला व्यवस्थापनकालागि प्राप्त अनुदान (शुरु देखि हालसम्म )रकम रु ......................

(छ .ज) अनुदानवाट व्यवस्थित गरिएको प्रयोगशालाको अवस्था : प्रयोगशालामा भएका सामग्री कार्यरत शिक्षकवाट तयार गरि प्रधानाध्यापकवाट प्रमाणित गरी संलग्न गर्नुपर्नेछ

**७ प्रस्तावनाको उद्देश्य**

**८ कार्य योजना प्रतिफल सुचक सहित**

**९ अनुमानित लागत १० अपेक्षित नतिजा ११ जोखिम १२ निष्कर्ष**

Email provinceedd5@gmail.com , website eddmosd.p5.gov.np